# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद (शाखा)
**शनिश्चरे, झापा, १ नं. प्रदेश (नेपाल)**

पत्र संख्या : २०७८/०७९ मिति: २०७८/११/०१
**च नं :**

विषय: सूचना! सूचना!! सूचना!!!

शैक्षिक सत्र २०७९ देखि सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा थप/नाम परिवर्तन तथा नगरपालिकाको एक वडाबाट अर्को वडा भित्र स्थानान्तरण गर्न इच्छुक विद्यालयहरुलाई २०७८ फागुन मसान्तभित्र ३ प्रति आवेदन फाराम भरी विवरणमा उल्लेख गरिएका कागजातसहित माग पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएका कागजात पुरा नभएका, रीत नपुगेका र म्याद नाघी आएका माग फारामहरु दर्ता नहुने र प्रक्रियामा समावेश नहुने व्यहोरा पनि सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

पुनश्चः प्रदेश शिक्षा ऐन वनी नसकेको हुँदा नगरपालिका भित्र बाहेक अन्य पालिकाबाट विद्यालय स्थानान्तरण नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७८।११।०१

.................................
(तोयानाथ रेग्मी)
उपसचिव

**विद्यालय आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरु:**

१. विद्यालय प्रस्ताव पत्र ।
२. सम्बन्धित वडाको वडा समितिको निर्णय प्रतिलिपि सहित वडा कार्यालयको सिफारिस पत्र ।
३. विद्यालयको पञ्चवर्षीय योजना । (आगामी ५ वर्षभित्र विद्यालयले सञ्चालन गर्ने शैक्षिक, भौतिक, आर्थिक आदि गतिविधिको लागि आवश्यक बजेट, प्राप्त हुने श्रोत र अनुमानित आय–व्यय विवरण)
४. विद्यालय व्यवस्थापन समिति गठन भएको मिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली तथा वि.व्य.स. को निर्णय प्रतिलिपि ।
५. सबैभन्दा नजिकमा रहेका माग गरे अनुसारको तह अनुमति/स्वीकृति प्राप्त गरेका कम्तिमा २ वटा सामुदायिक विद्यालयहरुको सहमति पत्र ।
६. तोकिएका योग्यता पुरा गरेका शिक्षकहरुलाई नियमानुसार नियुक्ति गरिएको पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपिहरु ।
७. स्वीकृत लेखापरीक्षकबाट गरिएको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
८. विद्यालयले निर्धारण गरेको वि.व्य.स. को निर्णय सहितको कक्षागत शुल्क विवरण ।
९. माग गरिएको भन्दा तल्लो कक्षा वा तहको कक्षागत तथा तहगत अनुमति वा स्वीकृति पत्रको प्रमाणित प्रतिलिपि।
१०. विद्यालयका नाममा रहेको जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि ।
११. नियमानुसार धरौटी रकम जम्मा गरेको बैंक रसिदको प्रमाणित प्रतिलिपि ।
१२. नगरपालिकामा दरखास्त दस्तुर जम्मा गरेको भौचर ।

**संस्थागत विद्यालयहरुका लागि आवश्यक थप कागजातहरु:**

१३. कम्पनी/गुठीमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
१४. कमपनी वा गुठीको प्रबन्ध पत्र र नियमावली ।
१५. संस्थापक र प्रिन्सिपलको शैक्षिक योग्यता र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
१६. विद्यालयमा अध्यापन गराइने पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको विवरण ।
१७. विद्यालयमा कार्यरत शिक्षकहरुको नाम, ठेगाना, जन्म मिति, शैक्षिक योग्यता र नियुक्ति पत्रसहितको विवरण ।
१८. भाडाको भवन, खेल मैदान प्रयोग गर्ने विद्यालयको घर वा जग्गा धनीसँग कम्तिमा ५ वर्षका लागि गरेको सम्झौताको प्रमाणित प्रतिलिपि
१९. आ. व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

पुनश्चः सामुदायिक विद्यालयका लागि रु. २०००/–, संस्थागत विद्यालयका लागि रु. ५०००/– र धार्मिक विद्यालयहरुका लागि रु. १०००/– यस कार्यालयमा जम्मा गरेको आम्दानी रसिदको सक्कलै प्रति पेश गरी मिति २०७८ साल फागुन २५ गतेसम्म कार्यालयबाट आवेदन फाराम लिन र फागुन मसान्तभित्रमा बुझाइसक्नु पर्ने व्यहोरा समेत अनुरोध छ ।

**website: www.arjundharamun.gov.np**
**Email:info@arjundharamun.gov.np/arjundharamun@gmail.com**
**Phone No.023465502**